संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या - १५
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल जेठ २९ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले अछाम जिल्लाको वयलपाटा जिल्ला अस्पताललाई प्रदेश सरकारले पर्याप्त बजेट नछुटाएको, पर्सा जिल्लामा आएको वर्षा सहितको ठुलो हावाहुरीका कारण सयौ घरमा क्षति पुगेको साथै लाखौंको कृषिवाली नष्ट भएकोले तत्काल राहत सहित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने, सहकारी ठगी प्रकरणमा दोषी भनिएका जि.वि.राईलाई हालसम्म पक्राउ नगरिएको, बलात्कार पछि हत्या गरिएकी निर्मला पन्तको हत्यारालाई हालसम्म पक्राउ गर्न नसकेको, गोरखा जिल्लाको चुमनुव्री गाउँपालिकाका दुईजना व्यक्तिलाई चीनको प्रहरीले तिव्वतबाट पक्राउ परेको तर उनीहरु कुन अवस्थामा छन् भन्ने सन्दर्भमा कुनै जानकारी नभएकोले त्यसका लागि नेपाल सरकारले तत्काल आवश्यक पहल गर्नुपर्ने, नेपालको भारतसँगको परराष्ट्र नीति स्पष्ट हुनुपर्ने, भारत भ्रमणका सम्बन्धमा प्रधानमन्त्रीले सदनमा जानकारी गराउनु पर्ने लगायतका विषयहरुमा आ-आफ्नो भनाइ राख्नुभयोः-

१. मा० बद्री प्रसाद पाण्डे
२. मा० अजय कुमार चौरसिया
३. मा० ज्ञान बहादुर शाही
४. मा० राजेन्द्र बजगाई
५. मा० रघुजी पन्त

त्यसपछि भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाइ राख्नुभयोः-

१. मा० ठाकुर प्रसाद गैरे
२. मा० तेजलाल चौधरी
३. मा० डा० तोसिमा कार्की
४. मा० दामोदर पौडेल वैरागी
५. मा० दिपक गिरी
६. मा० दिपक बहादुर सिंह
७. मा० दुर्गा राई
८. मा० देव प्रसाद तिमलसेना
९. मा० देवेन्द्र पौडेल
१०. मा० धनराज गुरुङ
११. मा० धवल शम्शेर जवरा
१२. मा० नागिना यादव
१३. मा० नारायण प्रसाद आचार्य
१४. मा० नारायणी शर्मा
१५. मा० निर्मला कोइराला
१६. मा० नैनकला थापा
१७. मा० पुष्प बहादुर शाह
१८. मा० पुर्ण बहादुर घर्ती मगर
१९. मा० प्रतिक्षा तिवारी
२०. मा० प्रदिप पौडेल
२१. मा० प्रभु साह
२२. मा० प्रभु हजरा
२३. मा० प्रेम बहादुर महर्जन
२४. मा० प्रेम सुवाल
२५. मा० बासुदेव घिमिरे
२६. मा० बिन्दवासिनी कांसकार
२७. मा० बिना देवी
२८. मा० बिनिता कठायत
२९. मा० बिमला सुवेदी

तत्पश्चात् सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयोः-

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) सम्वत् २०८१ साल जेठ २७ गते आइतबार मित्रराष्ट्र भारतका नवनियुक्त प्रधानमन्त्रीको सपथग्रहण समारोहमा सहभागी हुन भारततर्फ प्रस्थान गर्नु हुने भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठज्यूले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा सादर अनुरोध गर्दछु ।

(डिल्ली राम शर्मा)
सचिव

मिति : २०८१/०२/२७

तदुपरान्त सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयोः-

माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्याल स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने अन्तराष्ट्रिय श्रम सम्मेलन **(International Labour Conference)** मा सहभागी हुन संवत्

२०८१ साल जेठ २७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री रवि लामिछानेले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मिति : २०८१/०२/२५

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

त्यसपछि प्रारम्भ भएको विनियोजन विधेयक, २०८१ को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत युवा तथा खेलकूद मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि समुहिकृत रुपमा भएको छलफलमा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्नुहुँदै निर्धारित मन्त्रालय सम्बन्धी विनियोजन शिर्षहरुमाथीको छलफलमा समेत भाग लिनुभयोः-

१. मा० प्रेम सुवाल
२. मा० डा० अमरेश कुमार सिंह
३. मा० बद्रीप्रसाद पाण्डे
४. मा० रमा कोइराला पौड्याल
५. मा० सञ्जयकुमार गौतम

यसैबीच माननीय डा० अमरेश कुमार सिंहले आफ्नो भनाई राखिसकेपछि माननीय रामहरी खतिवडाले युवा तथा खेलकूद मन्त्रालयको विनियोजन शिर्षकमाथि छलफल भइरहँदा सम्बन्धित विभागीय मन्त्री उपस्थित नहुनुभएकोले सम्बन्धित मन्त्रीलाई उपस्थित गराउन माग गर्नुभई आफ्नो स्थानमा उभिइरहनु भएपछि सम्माननीय सभामुखले उक्त मन्त्रालयको विनियोजन शिर्षकमाथिको छलफल कार्यक्रम आजको कार्यसूचीबाट हटाएको जानकारी गराउनु भयो ।

तत्पश्चात् विनियोजन विधेयक, २०८१ अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा दलीय आधारमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयोः-

१. मा० डा० चन्द्रकान्त भण्डारी
२. मा० मेनका कुमारी पोखेल
३. मा० देवेन्द्र पौडेल
४. मा० मनिष झा
५. मा० धवल शम्शेर जंगबहादुर राणा
६. मा० अम्मर बहादुर थापा
७. मा० रञ्जु कुमारी झा
८. मा० अब्दुल खान
९. मा० रामप्रकाश चौधरी
१०. मा० अरुण कुमार चौधरी
११. मा० प्रभु साह
१२. मा० योगेन्द्र मण्डल
१३. मा० रामहरि खतिवडा
१४. मा० सरिता भुसाल
१५. मा० ज्ञानु बस्नेत सुवेदी
१६. मा० विनिता कठायत
१७. मा० रोशन कार्की
१८. मा० विर बहादुर बलायर
१९. मा० लाल प्रसाद साँवा (लिम्बु)
२०. मा० सूर्यमान दोङ तामाङ
२१. मा० तेजुलाल चौधरी
२२. मा० मंगल प्रसाद गुप्ता
२३. मा० रणेन्द्र बराली
२४. मा० डा० नारायण खड्का
२५. मा० सूर्य प्रसाद ढकाल
२६. मा० रुपा सो.शी. (चौधरी)
२७. मा० जावेदा खातुन जागा
२८. मा० हेमराज राई
२९. मा० कान्तीका सेजुवाल
३०. मा० दयाल बहादुर शाही
३१. मा० कुसुम थापा मगर
३२. मा० प्रभु हजरा
३३. मा० शान्ति वि.क.
३४. मा० ईश्वरी घर्ती
३५. मा० देव प्रसाद तिमिलसेना
३६. मा० सराज अहमद फारुकी
३७. मा० नारायण प्रसाद आचार्य
३८. मा० बासु देव घिमिरे
३९. मा० विजुला रायमाझी
४०. मा० अमृत लाल राजवंशी
४१. मा० चन्द्र बहादुर विश्वकर्मा
४२. मा० महेश कुमार वर्तौला

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८१ अन्तर्गत सहरी विकास मन्त्रालय, रक्षा मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०८१ जेठ ३० गतेको बैठकमा हुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८१ साल जेठ ३० गते बुधबार बिहान ११:०० बजे बस्नेगरी बैठक बेलुकी ७:०० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव